कालिका गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
धैबुङ्ग, रसुवा
बागमती प्रदेश, नेपाल

फोनः ०१०-५४२०१६
Email: kalikagaupalika@gmail.com
Website: kalikamunrasuwa.gov.np

प.सं. : २०८०/०८१
च.नं. :

मिति : २०८१/०३/१४

## उपभोक्ता समितिहरुका लागि अन्तिम विल भुक्तानीका लागि कागजात पेश गर्ने सम्बन्धि सूचना

कालिका गाउँपालिकाको चालु आ.व. २०८०/०८१ को स्विकृत योजना/आयोजनाहरु संचालनका लागि गाउँपालिका सँग सम्झौता भै कार्य सम्पन्न भएका र भुक्तानी लिन बाँकी रहेका योजना/आयोजनाहरु सँग सम्बन्धित उपभोक्ता समितिहरुले यहि मिति २०८१ असार १८ गते मंगलबार कार्यालय समय भित्र तपशिलमा उल्लेखित कागजात समेत संलग्न गरी भुक्तानीका लागि गाउँपालिकाको योजना शाखामा फाईल पेश गर्नुहुन सम्बन्धित उपभोक्ता समितिहरु सबैका लागि यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित समय भन्दा पछि तथा आवश्यक कागजात पुरा नभै पेश भएमा फाईलहरुको रकम भुक्तानी गर्न गाउँपालिका असमर्थ हुने तथा त्यसबाट आम उपभोक्ताहरुमा पर्ने असुविधा प्रति गाउँपालिका जिम्मेवार नहुने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

<u>अन्तिम विल भुक्तानीका लागि संलग्न गर्नुपर्ने कागजातहरु ।</u>

१. उपभोक्ता समितिको बैठकबाट हाल सम्म शिर्षकगत के कती खर्च भयो भन्ने उल्लेख गरी खर्च सार्वजनिक सहित कार्य सम्पन्न भएकोले अन्तिम विल भुक्तानीको लागि गाउँपालिकालाई अनुरोध गरिएको निर्णय भएको माईनोटको फोटोकपी ।
२. सम्बन्धित योजनाको लागि उपभोक्ताहरुद्धारा गठित अनुगमन समितिको स्थलगत अनुगमन गरिएको र हाल सम्मको कामको प्रतिक्रिया सहित अन्तिम विल भुक्तानीको लागि सिफारिस गरिन्छ भन्ने निर्णय भएको माईनोटको फोटोकपी ।
३. सम्बन्धित वडा कार्यालयको अनुगमन प्रतिवेदन सहित कार्यसम्पन्न भएकोले रकम भुक्तानी गरिदिनु भन्ने व्यहोरा उल्लेख भएको सिफरिस पत्र ।
४. गाउँपालिकाको प्राविधिक शाखाबाट स्थालगत अनुगमन गरी ल.ई. बमोजिम मुल्यांकन गरी तयार गरिएको प्रमाणित कार्य सम्पन्न प्रतिवेदन र त्यसको लागि आवश्यक अन्य विल भरपाई ।
५. सार्वजनिक सूचना पार्टी देखिने गरी आयोजना क्षेत्रको रंगिन फोटो ।
६. अनुसूची ३, (सार्वजनिक परिक्षण), अनुसूची ४ (खार्च सार्वजनिक गरेको) र अनुसूची ६ (उ.स.को भौतिक तथा वित्तिय प्रगती प्रतिवेदन)
७. अन्तिम विल भुक्तानीको लागि अनुरोध भएको (बैंक खाताको विवरण र चेकको फोटोकपी सहित) सम्बन्धित उपभोक्ता समितिको अध्यक्षबाट हस्ताक्षर भएको भुक्तानी माग निवेदन पत्र ।

कृष्ण बहादुर के.सी.कुँवर
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

“समृद्ध कालिकाको आधार; शिक्षा, स्वास्थ्य र पूर्वाधार”